
जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक



सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि





पृष्ठ ३ मा



बर्ष ११ • अंक ५९ • २०८० पौष ६ गते शुक्रवार • 22 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-


## प्रमुख प्रशासकीय अधिकृत खटाउने मापदण्ड अन्तिम चरणमा : सा.प्र. मन्त्री अनिता साह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ५ पौष**





।सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवीले प्रमुख प्रशासकीय अधिकृत खटाउने मापदण्ड अन्तिम चरणमा पुगेको बताएकी छिन् । पदभार ग्रहण गरेपछि पहिलो पटक बिहीबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा देवीले उक्त जानकारी दिएकी हुन्।

स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउन जहिल्यै भद्रगोलको अवस्था सिर्जना भएपछि मन्त्रालयले मापदण्ड तयार गर्न लागेको हो। उनले गत साउन २९ मा साहले मन्त्रालयको जिम्मेवारी सम्हालेकी थिइन्। उनले यस अवधिमा हासिल गरेका मुख्य उपलब्धिबारे पत्रकार सम्मेलनमा जानकारी दिएकी छिन्। उनले सङ्घीयता कार्यान्वयनमा सहजीकरण, प्रशासनिक पुनर्संरचना


बांकी पृष्ठ २


## एसइईमा अब कम्तीमा ३५ प्रतिशत अङ्क ल्याउनुपर्ने

**जलेश्वरटुडे समाचारदाता**
**भक्तपुर, ५ पौष**





राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले विद्यार्थीले २०८० सालमा सञ्चालन हुने एसइई परीक्षामा कम्तीमा ३५ प्रतिशत अङ्क ल्याउनैपर्ने बताएका छन् । नेशनल प्याप्सन भक्तपुरले शैक्षिक वर्ष २०८० को एसइईमा सम्मिलित हुने विद्यार्थीका लागि आयोजित परीक्षा मार्गनिर्देशन कार्यक्रममा उनले २०८० मा एसइई परीक्षा हुँदैन भन्ने भ्रममा नपर्न विद्यार्थीलाई आग्रह गरे । बोर्डका अध्यक्ष डा शर्माले भने, "एसइईमा अब एनजी (कुनै विषयमा ३५ प्रतिशत अङ्क नल्याएमा ननग्रेड हुन्छ) प्रणाली लागू हुँदैछ । यस वर्षकै एसइई परीक्षाबाट नयाँ ग्रेडिङ प्रणाली लागू


बांकी पृष्ठ २


## रेडक्रस राजनीतिक खिचातानी मुक्त बन्नपर्छ: साँसद महतो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ५ पौष**



सामाजिक सेवा क्षेत्रका संस्थाहरु र ाजनीतिक खिचातानी र परिचय मुक्त हुनपर्ने महोत्तरी-१ बाट निर्वाचित साँसद (प्रतिनिधिसभा सदस्य) लक्ष्मी महतो कोइरीको भनाइ छ।

आज बिहीबार नेपाल रेडक्रस सोसाइटी बर्दिबास उपशाखाको प्रशासनिक भवन निर्माण शुभारम्भ समारोहमा महतोले रेडक्रसको सेवामा कुनै कोणबाट पनि राजनीतिक गन्धले प्रवेश पाउन नहुने बताउनु भएको हो। "अप्ठ्यारामा परेका जोसुकैलाई कुनै ठूलाबडाको भनसुनबिना सेवा दिनोस" महतोले रेडक्रस उपशाखाका पदाधिकारी तथा सदस्यहरुलाई अपिल गर्दै भन्नुभयो, "तपाईंहरुको सेवाभाव बाँकी सबैका लागि प्रेरणादायी बन्न सकोस्।" आम रुपमा आपद्विपद् पर्दा पनि सहयोग सद्भावका लागि पैरवी खोज्ने अहिलेको आम बानी बनेको महतोको भनाइ छ । मधेशका महोत्तरीसहितका कैयन जिल्लाका बिरामीका लागि रक्त सेवा दिदै आएको रेडक्रस बर्दिबास उपशाखाको प्रशासनिक भवन नेपाल सरकारको


बांकी पृष्ठ २


## अहिले जस्तै भोलिको दिनमा काँग्रेसलाई ठूलो पार्टी बनाउनु होला : देउवा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ५ पौष**





नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले अहिलेजस्तै भोलिका दिनमा पनि देशको सबैभन्दा ठूलो पार्टी बनाउन नेता-कार्यकर्तालाई आग्रह गरेका छन्।

जनकपुरमा आयोजित कांग्रेसको मधेश प्रदेशको सम्मेलनको उदघाटन सत्रलाई सम्बोधन गर्दै उनले अर्को पटक कांग्रेसको पुर्ण रुपमा सरकार बन्न सक्नेगरी स्थापित गर्न आग्रह गरे ।

'समानुपातिक समावेशी प्रणाली भएकाले कसैको पनि बहुमत आउने सम्भावना धेरै कम हुन्छ,' देउवाले भने, 'हाम्रो पार्टीमा अन्तरघात गर्ने ठूलो रोग लागेको छ। त्यसलाई मुक्त गर्न यो पार्टीलाई भरसक बहुमत प्राप्त गर्ने पार्टीका रुपमा स्थापित गर्नुहलोला। नेतालाई सहयोग गर्नुहोला । यो काम पनि मधेशबाट अघि बढ्न लागेको छ ।' करिब चार घण्टा चलेको उदघाटन सत्रमा देउवाले प्लेन उड्न लागेको भन्दै तीन मिनेट मात्रै बोले। कार्यक्रममा हजारौं नेता तथा कार्यकर्ताको उपस्थिति थियो।


**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।







रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी



**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

लोहारपट्टी नगरपालिकाको कार्यालय,महोत्तरी




## सम्पादकीय ...

# राष्ट्रिय सभा निर्वाचनको तयारीमा आयोग

राष्ट्रिय सभा निर्वाचनको तयारीमा निर्वाचन आयोग खटिएको देखिन्छ। माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि प्रत्येक प्रदेशमा एक-एक वटा मतदानस्थल र सोही स्थानमा दुई-दुई वटा मतदान केन्द्र रहने गरी जम्रुमा ७ मतदान स्थल र १४ वटा मतदान केन्द्र तोकिएको छ। कोशी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, विराटनगर मोरङ, मधेश प्रदेशका लागि महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुर धाम, धनुषा, बागमती प्रदेशका लागि श्री भुटनदेवी मा.वि. प्राविधिक शिक्षालय, ब्लक प्राविधिक भवन, हेटौडा, मकवानपुरमा मतदानस्थल तोकिएको छ।

यस्तै गण्डकी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, पोखरा, कास्की, लुम्बिनी प्रदेशका लागि कर्मचारी मिलन केन्द्रको भवन, घोराही, दाङ, कर्णाली प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, सुर्खेत र सुदूरपश्रुचिम प्रदेशका लागि प्रदेश सभा भवन, धनगढी, कैलालीलाई मतदान स्थल तोकिएको निर्वाचन आयोगले जनाएको छ।

तोकिएका उक्त मतदान स्थलमा प्रदेश सभाका सदस्यले मतदान गर्न र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्नका लागि बेग्ला बेग्लै मतदान केन्द्रहरू रहनेछन्।

राष्ट्रिय सभा सदस्य निर्वाचनमा कूल मतभार ५७ हजार ५५९ छ। प्रदेश सभा सदस्यको मतभार ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ तोकिएको छ।

यस अनुसार प्रदेश सभा सदस्यको कूल मतभार २९ हजार ९७ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको कूल मतभार २८ हजार ४६२ हुनेछ।

आगामी फागुन २० गते राष्ट्रिय सभाका एक तिहाइ सदस्य (२० जना) को पदावधि सकिँदैछ।

फागुन २० गते कार्यकाल सकिनेमा नेकपा एमालेका ८, नेपाली कांग्रेसका ४, माओवादी केन्द्रका ३, एकीकृत समाजवादीका २, जनता समाजवादी पार्टीका एक र राष्ट्रपति द्वारा मनोनित दुई जना छन्।

राष्ट्रिय सभाको यो चुनावपछि राष्ट्रिय सभाले पूर्णता पाउने आशा गर्न सकिन्छ।प्रदेशहरुको न्यायोचित प्रतिनिधित्व व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारीताको सन्तुलन समेतलाई संवोधन गर्न नेपालको संविधानले राष्ट्रिय सभाको व्यवस्था गरेकोछ। संविधानले राष्ट्रिय सभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अंगको रुपमा परिकल्पना गरेकोछ। सिमान्तकृत, लोपन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रिय सभा अपरिहार्य छ।

प्रदेश सभाका सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना गरी राष्ट्रिय सभामा उनान्साठी सदस्य रहेका छन्।

## प्रमुख प्रशासकिय ......

तथा मानव संसाधनको समयानुकूल विकास तथा परिचालन नै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मुख्य जिम्मेवारी रहेको उल्लेख गरेकी छिन् । उनले सार्वजनिक गरेको उपलब्धिलाई पाँचवटा विषय विभाजन गरेकी छिन् ।जसमा ऐन नियम निर्माण तथा परिमार्जन, सङ्घीयता कार्यान्वयन सहजीकरण, सार्वजनिक सेवा प्रवाह, वार्षिक कार्यक्रम कार्यान्वयन र पूर्वाधार विकास सहजीकरण विषय छन्। ऐन निर्माणतर्फ निर्माणजन्य सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदमा दर्ता भएको जानकारी देवीले दिइन्। उनले सङ्घीय निजामती सेवा ऐन सम्बन्धी विधेयकको मस्यौदा उपर लोकसेवा आयोगको रायसहित नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराई सङ्घीय संसदमा विधेयक पेश गर्ने अवस्थामा रहेको बताइन्। फोहोर मैला सम्बन्धी कानुन निर्माणको लागि विधेयकको मस्यौदा तयार भइरहेकोमा नेपाल सरकार कार्य विभाजन नियमावलीमा संशोधन भए बमोजिम उक्त कार्य सहरी विकास मन्त्रालयमा हस्तान्तरण गरेको जानकारी देवीले दिइन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को संशोधन विधेयकको तयारीको लागि सम्बन्धित निकायहरूसँग राय माग भई अन्तिम मस्यौदा तर्जुमा गरी स्वीकृतिको प्रक्रिया अगाडि बढाइएको जानकारी पत्रकार सम्मेलनमा दिइयो। सङ्घीयता कार्यान्वयन सहजीकरण सम्बन्धमा अन्तर सरकार समन्वयका लागि विषयगत समिति गठन गरिएको जनाइएको छ । स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ परिमार्जन गरिएको जानकारी मन्त्री देवीले दिइन्। उनले भनिन्, 'वार्षिक सभा गर्न नसकेका स्थानीय तहहरूलाई सभा सञ्चालनमा सहजीकरण गर्न गाउँपालिका महासङ्घ/नगरपालिका महासङ्घसँग संयुक्त बैठक गरिएको छ।' राष्ट्रिय किताबखाना (निजामती) बाट निजामती कर्मचारीको वैयक्तिक विवरण फारम (सिटरोल) प्रमाणित गर्ने प्रणालीलाई पूर्णतया अनलाइनमा आधारित बनाइएको जानकारी देवीले दिइन् । निजामती अस्पतालमा प्रतिदिन सरदर ८ सय भन्दा बढी सेवाग्राहीले बहिरङ्ग सेवा लिँदै आएको जानकारी पत्रकार सम्मेलनमा दिइयो ।प्रदेशमा कार्यरत कर्मचारीको अभिलेखलाई प्रविधिमैत्री बनाउने गरी पिआइएस पोट्र्ल सुदूरपश्चिम प्रदेश सरकारसहित ७ वटै प्रदेशमा हस्तान्तरण गरिएको मन्त्रालयले जनाएको छ।

## रेडक्रस ......

मधेश समृद्धि अभियान कार्यक्रमको सहयोगमा आज निर्माण थालिएको हो । यसअघि सञ्चालित रेडक्रस भवनमा रक्तसञ्चार केन्द्र रहने गरी कार्यालय प्रयोजनका अन्य प्रशासनिक कार्यका लागि थप तल्ला भवन निर्माण थालिएको हो। नेपाल सरकारको २५ लाख र स्थानीय रेडक्रसको २० लाख गरी करिब ४५ लाखको लागतमा निर्माण थालिएको भवनका लागि आवश्यक इँटा साँसद महतोले व्यक्तिगत रुपमा आज नै हस्तान्तरण गर्नुभएको छ। दोस्रो तला निर्माणमा १८ हजार इँटा लाग्ने प्राविधिक इष्टिमेट छ। दोस्रो तलामा निर्माण हुने अतिथिकक्षसहितको भवनमा चार कोठा रहने रेडक्रस बर्दिबास शाखाका सभापति रेवन्त कार्की 'सुदीप' ले जानकारी दिनुभयो। रेडक्रस बर्दिबास उपशाखाले विक्रम सम्वत् २०७७ देखि नै रक्तसञ्चार सेवा प्रदान गर्दै आएको छ। निकट भविष्यमै श्वेत (सेतो) रक्त बैङ्क पनि सञ्चालनको तयारी थालिएको उपशाखाका निवर्तमान सभापति तथा रेडक्रस महोत्तरी जिल्ला कार्यसमितिका सदस्य मुकुन्द पौडेलले जानकारी दिनुभयो। "हामी यसै भवनबाट श्वेत रक्त बैङ्क सञ्चालनको तयारीमा जुटेका छौं, यसका लागि तीनै तहका सरकारदेखि मनकारी सहयोगी हातको खोजी गरीरहेका छौं" पौडेलले भन्नुभयो। समारोहमा मधेश प्रदेशसभा सदस्य शारदा थापा र बर्दिबास नगरप्रमुख प्रह्लाद क्षेत्रीले सामाजिक सेवाका क्षेत्र र विकास निर्माणमा कुनै राजनीतिक आग्रह नराखी फरकफरक दलका भएपनि यहाँका प्रतिनिधि एक मन र वचनले लागीरहेका बताउनुभयो। रेडक्रस बर्दिबास शाखाको सेवालाई अझ प्रभावकारी रुपमा विकास गर्न दुबैले प्रतिबद्धता जनाउनुभयो। नयाँ भवन चालु आर्थिक वर्षभित्रै निर्माण सम्पन्न भएर सञ्चालनमा आइसक्ने बर्दिबास उपशाखाले जनाएको छ।

## एसइईमा .....

गर्ने भएकाले अब उच्च शिक्षा अध्ययन गर्नका लागि विद्यार्थीले एसइईमा ३५ प्रतिशत अङ्क ल्याउनैपर्ने हुन्छ ।" कार्यक्रममा प्रसिद्ध उत्प्रेरक डा ताराप्रसाद गिरीले स्कुल जीवनमा नै भविष्य बनाउनु पर्ने भन्दै शिक्षक एवं आमाबुबाको मार्गनिर्देशनमा हिँड्ने व्यक्ति सफल हुने बताए । मार्गनिर्देशनमा नेशनल प्याप्सन भक्तपुरका अध्यक्ष सञ्जय खड्काले अक्षराङ्क प्रणालीका कारण नपढे पनि उत्तीर्ण भइन्छ भन्ने विद्यार्थी र अभिभावक अझै भ्रममा रहेको बताए। उनले यस्ता भ्रममा नपरी सिकाइलाई मजबुद बनाउँदै लैजान विद्यार्थीलाई आग्रह गरे । कार्यक्रममा पूर्व परीक्षा नियन्त्रक तथा उपसचिव अर्जुनबहादुर रायमाझी, नेशनल प्याप्सनका केन्द्रीय सदस्य जिबि खड्कालगायतले कोभिडका कारण बिग्रिदै गएको पढाइको पद्धतिलाई विद्यालय, अभिभावक तथा विद्यार्थी सबैले सुधारेर लैजानुपर्नेमा जोड दिए ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





एकडारा गाउँपालिकाको कार्यालय,महोत्तरी

जलेश्वरनाथको दर्शन गरौं,
मनवाञ्चित फल पाऔं ।
जलेश्वर नगरपालिका,महोत्तरी


## तपाईको टुडे

मेष: मनमा चिन्ता बढने

वृष: प्रशन्नता बढने

मिथून: व्यापारमा लाभ

कर्कट: खर्चमा कमी

सिंह: साथीसँ ग भेटघाट

कन्या: भ्रमणको योग

तुला: परिवारिक सुख मिल्ने

वृश्चिक: आफन्तसँ ग भेट

धनु: पढाईमा रुचि बढने

मकर: रोगले सताउने

कूम्भ: लाभ हुने

मीन: कष्ट बढने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| विहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# रुसद्वारा बिहीबार युक्रेनी राजधानी कीएभ तथा देशका अन्य स्थानहरूमा व्यापक हवाई आक्रमण

**एजेन्सी**
**कीएभ, ५ पौष**



युक्रेनी राजधानी कीएभ तथा देशका अन्य स्थानहरूमा रुसी सेनाले बिहीबार रातभरि हवाई आक्रमण तथा दर्जनौं इरानी प्रविधि प्रयोग गरिएका ड्रोनहरू खसालेको युक्रेनले जनाएको छ। "रुसी सेनाले तीन तिरबाट विभिन्न प्रकारका हवाई अस्त्रद्वारा आक्रमण गरी कब्जा गरिएको क्रिमिया, प्रिमोर्स्को यक्रेनी वायु सेनाले टेलिग्राम मार्फत जनाएको छ। टेलिग्रामले कुनै पनि विनासको रिपोर्ट नगरी ३५ मध्ये ३४ ड्रोनलाई खसालेको मात्र उल्लेख गरेको छ। युक्रेनमा पछिल्लो समय दिनहुँ जस्तो ड्रोन आक्रमण भएका छन्। कीएभले आफ्नो युरोपेली र अमेरिकी सहयोगीहरूबाट प्राप्त हतियार हरूसहित आफ्नो वायु रक्षा प्रणालीलाई बलियो बनाएको छ। पछिल्लो समय मस्कोले रातिको समयमा आक्रमणलाई तीव्र पारेको छ। युक्रेनले रुसको आक्रमणको सामना गर्नका लागि आफ्ना सहयोगीहरूलाई थप हवाई रक्षा प्रणाली उपलब्ध गराउन आग्रह गरेको छ।

यसै सन्दर्भमा अमेरिकी सिनेटका प्रजातान्त्रिक तथा गणतान्त्रिक नेताहरूले मङ्गलवार वर्षको अन्त्यभन्दा अघि युक्रेनका लागि नयाँ सहायता स्वीकृत गर्न सक्षम नहुने बताएका छन्। कीएभले क्रेमलिनलाई चिसो समयमा देशलाई अन्धकार र चिसोमा डुबाई आफ्ना नागरिकहरूलाई आतङ्कित पार्न ऊर्जा सुविधाहरू नष्ट गर्न खोजेको आरोप लगाएको छ।

# हिन्दी फिल्म 'अप्रेसन भ्यालेन्टाइन'को टिजर सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ५ पौष**



नेपालमा समेत छायांकन गरिएको भारतीय फिल्म 'अप्रेसन भ्यालेन्टाइन'को टिजर सार्वजनिक भएको छ। फिल्ममा तेलुगू अभिनेता वरुण तेज र पूर्व मिस वर्ल्ड मानुषी छिल्लरको शीर्ष भूमिका छ। शक्तिप्रताप सिंह हाडा निर्देशित फिल्ममा प्रशस्तै एरियल-एक्सन दृश्य समेटिएका छन्। सोनी पिक्चर्स इन्टर नेसनल र रेनसान्स पिक्चर्सले निर्माण गरेको यो फिल्मको छायांकन नेपालका केही हिमाली थलोमा गरिएको छ। वर्किङ टाइटल 'भिटी १३' राखेर नेपालमा छायांकन गरिएको यो फिल्मको नामकरण 'अप्रेसन भ्यालेन्टाइन' पछि तय गरिएको हो। यो फिल्मका नेपाली लाइन-प्रोड्युसर फूर्वा शेर्पाका अनुसार लाङटाङ उपत्यका, सिन्धुपाल्चोकको जुगल हिमाल क्षेत्रमा यो फिल्मको छायांकन गरिएको थियो। अल्टिच्युड एयरको हेलिकोप्टर र पाइलट विवेक खड्काको उडानबाट यी दृश्य खिचिएको जनाइएको छ। पाइलट खड्काले नेपालमा सुटिङ गरिएको अमिताभ बच्चन, अनमोल खेर स्टारर 'उचाइ'मा पनि अभिनय गरेका छन्। नेपाली लाइन-प्रोड्युसर शेर्पाका अनुसार नेपालको हिमालय र उपत्यकाको इमर्स दृश्य खिच्न सट-ओभर क्यामेरा प्रणाली प्रयोग गरिएको थियो। यो सट-ओभरका सञ्चालक हैदराबादका छायांकार शैकत चक्रवर्ती हुन्।

# शुक्रबार थप २५ अर्ब तरलता तान्दै राष्ट्र बैंक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ५ पौष**



नेपाल राष्ट्र बैंकले शुक्रबार थप २५ अर्ब रुपैयाँ तरलता प्रसोचन गर्ने भएको छ। बजारमा अधिक तरलता थुप्रिएसँगै केन्द्रीय बैंकले लगालग तरलता (लगानी योग्य पुँजी) तानिरहेको हो। पुस १ गते यता केन्द्रीय बैंकले ४५ अर्ब रुपैयाँ तरलता उठाइसकेको छ। थप शुक्रबार उठाउने २५ अर्बसहित यो हप्ता केन्द्रीय बैंकले ७० अर्ब रुपैयाँ तरलता प्रशोचन गर्नेछ। केन्द्रीय बैंकले जारी गरेको सूचना अनुसार निक्षेप संकलन उपकरणमार्फत २५ अर्ब रुपैयाँ १४ दिनका लागि उठाउन लागिएको हो। इच्छुक बैंक तथा वित्तीय संस्थाहरूले पुस ६ गते शुक्रबार मध्यान्ह १२ बजेसम्म अनलाइन विडिङ सिस्टममार्फत आवेदन दिन सक्नेछन्। उक्त निक्षेप संकलन बोलकबोल पश्चात सोही दिन खरिद गरिने समेत बैंकले जनाएको छ इच्छुक आवेदकले घटीमा १० करोड रुपैयाँ र बढीमा ५ करोड रुपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आव्हान र कमसम्मका लागि आवेदन दिन सक्नेछन्।

# महावीर क्लबले सजिलै हरायो एफबीसीलाई

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ५ पौष**




काठमाडौं जिल्ला क्रिकेट संघद्वारा आयोजित छनोट प्रतियोगिताको बिहीबार खेलिएको खेलमा महावीर क्लबले सजिलो जित हात पारेको छ।

मुलपानी क्रिकेट मैदानमा खेलिएको खेलमा महावीर क्लबले फरएभर ब्वाइज क्लब (एफबीसी) लाई १० विकेटले हराएको हो। यसै वर्ष सञ्चालन हुने प्रधानमन्त्री कम पुरुष क्रिकेट प्रतियोगिताका लागि टोली चयन गर्न यो छनोट प्रतियोगिता आयोजना गरिएको हो। बिहीबारको खेलमा टस जिती पहिले ब्याटिङको निर्णय लिएको एफबीसीले १९ ओभरमा अलआउट हुनुअघि ६० रनमात्र बनाउन सक्यो।

एफबीसीका लागि सचिन यादवले सर्वाधिक २२ रन बनाए। उनले २९ बलमा तीन चौका पनि प्रहार गरे। कृष्ण भट्टले १० रन जोडे। अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्। एफबीसीले अतिरिक्त रुपमा ११ रन पाएको थियो। महावीर क्लबका बलर प्रतिस जीसीले तीन विकेट लिए। नविन तामाङले दुई विकेट हात पारे। यसका अतिरिक्त ज्योति भण्डारी, राकेशकुमार कर्ण, सार्थक धिताल, योगेश पाठक र तेज कुँवरले पनि एक-एक विकेट लिए।

जवाफी ब्याटिङमा ओर्लिएको महावीर क्लबले ७.३ ओभरमै कुनै पनि विकेट नगुमाई विजयलक्ष्य पुरा गरेको थियो। महावीर क्लबका लागि ओपनर रविन जोशीले अविजित ३३ र नविन तामाङले अविजित २७ रनको योगदान गरे। रविनले २६ बलमा पाँच चौका प्रहार गरे। नविनले २० बलमा दुई छक्का र दुई चौका हिर्काए। उक्त खेलमा महावीर क्लबका प्रतिस जीसी म्यान अफ दी म्याच घोषित भए। उनलाई नेप्ली प्लाइउड कम्पनीका कन्ट्री हेड विकास सिंहले पुरस्कार वितरण गरे। काठमाडौं जिल्ला क्रिकेट संघले आयोजना गरेको उक्त प्रतियोगितामा १२ टोलीले भाग लिएका छन्।

सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ। समूह 'ए' मा ग्रेट हिमालयन क्रिकेट एकेडेमी, बालुवाटार क्रिकेट क्लब र पुष्पलाल स्पोर्टस क्लब छन्। समूह 'बी' मा क्रिकेट एक्सिलेन्स सेन्टर, ओएसिस क्रिकेट एकेडेमी र जेम्स थन्डर्स क्रिकेट एकेडेमी छन्।

# काँग्रेसको प्रथम मधेश सम्मेलनमा दर्शकदीर्घामै बसे निधि

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ५ पौष**

मर्यादाक्रम मिचेको भन्दै काँग्रेसका पूर्व उपसभापति एवं प्रतिनिधिसभा सदस्य बिमलेन्द्र निधिले प्रथम मधेश सम्मेलनमा मञ्च बहिष्कार गरेका छन्। सभापति शेरबहादुर देउवा उदघाटन गरेको उदघाटन सत्रको मञ्च बहिस्कार गरेका हुन्। तिरहुतिया गाछीमा भएको उदघाट सत्रमा निधिलाई धेरैपछि आशन ग्रहण गर्न उद्घोषक प्रदेश महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठले आग्रह गरेपछि उनी दर्शक दिर्घाबाट मञ्चमा गएनन्। उनी दर्शकदीर्घामै बसेर कार्यक्रममा सहभागी छन्। यसै सम्मेलनमा बरिस्ठ नेता शेखर कोइरालाई विशिष्ट अतिथिमा नबोलाएपछि उनी आएनन्।

## जाडोको समयमा चिसोबाट बचौं



- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।





बलवा नगरपालिकाको कार्यालय, धनुषा

## कामनी ब्यूटी पार्लर

यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७७।१२।२५ मा दर्ता भएको प्रा.लि.नं.– २६१५७८ को आनन्द अटो ईलेक्ट्रिक वर्कशप एण्ड सप्लायर्स प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८०।०९।०५ को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



# प्रधानमन्त्रीको निरर्थक एक वर्ष : सरकार टिकाउनु नै मुख्य उपलब्धि !

**–रमेश सापकोटा**

गत वर्षको पुस १० गते प्रधानमन्त्री बनेलगत्तै दुई दिनसम्म विज्ञसँग छलफल गरेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सचिवहरूलाई बोलाएर निर्देशन दिएका थिए- नागरिकले अनुभूत गर्ने गरी सार्वजनिक तहका सेवा प्रवाह नसुध्रिए कारबाही भोग्न तयार हुनुस् । प्रचण्ड २०६५ सालमा पहिलोपटक ९ महिना र दोस्रोपटक १० महिना प्रधानमन्त्री भएका थिए। तर, अनेक राजनीतिक संक्रमणले गर्दा काम गर्न नपाएको गुनासो उनको थियो। यसैले तेस्रोपटकको कार्यकाललाई प्रचण्डले साँच्चै स्मरणयोग्य बनाउन यस्तो निर्देशन दिएका हुन् कि भन्ने आकलन थियो । ८९ सीटको कांग्रेस र ७९ सीटको एमालेको शक्ति सन्तुलनमा खेल्दै ३२ सीटे दलको रूपमा उनी प्रधानमन्त्री भएका थिए। पहिलेजस्तो देखाउने कुनै राजनीतिक संक्रमण नहुँदा नागरिकले प्रत्यक्ष अनुभव गर्नेगरी प्रचण्डले तेस्रो कार्यकाललाई सौहार्द बनाउँछन् कि भन्ने कुरा अपेक्षित नै थियो। अझ सरकारमा मन्त्री नै चयन नभइकन प्रचण्डले दुई दिने छलफलपछि सचिवहरूलाई बोलाएर ३० बुँदामा यस्तो निर्देशन दिएको विषयलाई धेरैले सकारात्मक रूपमा लिएका थिए। अब प्रचण्डमा साँच्चै केही गर्ने हुटहुटी छ भन्ने देखिएको थियो । उनले निर्देशन दिएका विषय पनि नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने खालकै थिए। कर कार्यालय, मालपोत र यातायात कार्यालयमा नागरिकले भोग्नुपरेको सास्ती कम गर्न र बिचौलियालाई हटाउन उनले निर्देशन दिएका थिए । राजस्व कम उठेको, पूँजीगत खर्च आधा आर्थिक वर्षमा जम्मा ११ प्रतिशत मात्रै भएको, ठूला आयोजना सहजै अगाडि नबढेको, नागरिकले संघीयताको अनुभूति गर्न नपाएको, स्थानीय तहको सेवा प्रवाह, शिक्षा र स्वास्थ्यमा समस्या रहेको कुरालाई लिएर उनी चिन्तित देखिएका थिए। कमजोर पूर्वाधारका कारण असुरक्षित सार्वजनिक यातायात, दैनिक उपभोग्य वस्तुको अभाव, सडकका खाल्डाखुल्डी, ढल र पानीको समस्यामा पनि सचेत भएर काम गर्न निर्देशन दिएका थिए । उनले सचिवलाई यी क्षेत्रमा सुधार गर्न मात्रै भनेनन्, आफूले पनि अनुगमन गर्ने भनेर दबाब पनि बढाए। तर, तेस्रो कार्यकालको एक वर्ष पूरा हुँदै गर्दाको नतिजा हेर्ने हो भने प्रधानमन्त्रीको निर्देशन निर्देशनमै सीमित भएको छ । उनले औंल्याएका ३० बुँदामा मिटर ब्याजीपीडितका पक्षमा कानून बन्नेबाहेकका उपलब्धि देखिएको छैन । अनुगमन गर्ने भनेर उद्घोष गरेका प्रधानमन्त्री नै आफ्नो वचनमा अडिग छैनन् । यतिबेला त आर्थिक संकटलाई पार लगाउन विज्ञ र अर्थशास्त्रीसँग प्रधानमन्त्री घण्टौं घोत्लिनुपर्ने हो। बैंकमा थुप्रिएको पैसालाई उत्पादनमा कसरी लगाउने, पूँजीगत खर्च कसरी बढाउने भनेर मन्त्री, विभागीय प्रमुख र सरोकारवालालाई बोलाएर प्रगति विवरण बुझ्ने, काम नभए किन भएन भनेर प्रश्न गर्ने काम गर्नुपर्ने हो । तर, दिनकै तीन-चारवटा सामान्य कार्यक्रममा प्रमुख भएर पुग्ने, रिबन काट्ने, शिलान्यास गर्नेमै प्रधानमन्त्रीको समय ज्यादा बितिरहेको छ। मेयर र वडाध्यक्ष पुगे हुने कार्यक्रम भए पनि प्रधानमन्त्री लाखौंमा हेलिकोप्टर चार्टर गरेर पुग्ने गरेका छन्। कांग्रेस नेता प्रदीप पौडेल एक वर्षमा सुशासनको सवालमा सरकारले आक्रामक शुरूआत देखाउनुबाहेक निराश नागरिकलाई आश्वस्त पार्न नसकेको बताउँछन्। सरकारको मूल्यांकन गर्नका लागि एक वर्ष पर्याप्त समय हो। अहिले आएर हामी शुरू गर्दैछौं भन्ने स्थिति छैन। रिपोर्ट कार्डमा सरकार फेल भएको देखियो । भ्रष्टाचारका विषयमा आक्रामकता देखियो, तर यसलाई साँच्चै इमान्दार भएर अगाडि बढाएको देखिएन,' पौडेल भन्छन्, 'आफ्नो कामगराइबाट प्रधानमन्त्री सन्तुष्ट हुन नसकेको उहाँको अभिव्यक्तिले नै देखाउँछन् ।' विश्वव्यापी आर्थिक मन्दीपछि नेपालमा पनि यो संकट समाधान गर्न कुनै प्रयत्न नहुनु दुर्भाग्यपूर्ण भएको उनी बताउँछन्। अर्थतन्त्रको समस्या विश्वव्यापी हो, तर हामी यो अवस्थाबाट कसरी माथि उठ्न सक्छौं भन्नेमा सरकार र अर्थमन्त्रीले विज्ञ, अर्थशास्त्री र सरोकारवालासँग परामर्श गरेर ठोस कदम चाल्नुपर्नेमा सामान्य प्रयास पनि गरिएको देखिएन,' पौडेल भन्छन्, 'आत्मनिर्भरता बढाउने, कृषि उत्पादन बढाउन ठोस कार्यक्रम ल्याउने काम गरेर अर्थतन्त्रलाई गति दिन सकिन्थ्यो । विद्युत् उत्पादन बढेको छ, खपत गर्ने प्रभावकारी नीति नै नहुँदा यसले पनि समस्या छ।' आर्थिक स्थितिले नयाँ प्रोजेक्टमा समस्या भए पनि दर्जनौं चलेको योजनालाई पनि सरकारले लथालिंग बनाउनु अर्को कमजोरी रहेको उनी बताउँछन् । 'आर्थिक मन्दीले नयाँ ठूला प्राजेक्टमा समस्या हुने मान्न सकिएला, तर राज्यले अर्बौं खर्चिएको मेलम्ची अलपत्र छ। अर्बौं रूपैंया खर्चिएको पोखरा विमानस्थलमा जहाज उड्दैनन्, फास्ट ट्र्याक, भरतपुर-बुटवल सडक र पोखरा-मुग्लिङ सडक मात्रै होइन, अन्य ठूला आयोजनाको सुस्तताले सरकार पनि छ र भन्ने देखाउँछ,' पौडेल भन्छन्, 'कम्तीमा चलिरहेका प्रोजेक्टलाई नियमित चलाएर जनताका काम हुँदैछ भन्ने पनि सरकारले बोध गराउन सकेन ।' पूँजी नचाहिने सुशासनमा समेत सरकार चुकेको उनी बताउँछन् । सरकारलाई पूँजीको समस्या छ भने काम देखाउने अर्को ठाउँ सुशासन हो । नागरिकको दैनिक सरोकारका कामकाजी अड्डामा आज पनि प्रभावकारी काम हुँदैनन् । प्रधानमन्त्रीले निर्देशन दिएको ठाउँमा के-के भयो ? उहाँले वाचा गरेको मात्रै काम भए पनि सन्तुष्टि मान्न सकिन्थ्यो, तर नागरिकमा आशा जागृत हुने कुनै पनि काम एक वर्षमा समेत सरकारबाट नहुनु विडम्बना हो।' कांग्रेस महामन्त्री गगन थापाले सरकारलाई एक सय दिनमा १० अंक दिएका थिए। एक वर्ष बित्दा पनि उनले दिने अंक १० नै छ। 'मजस्तै सांसद्ले एक वर्ष अगाडि प्रधानमन्त्रीका रूपमा मत दिएका थियौं, तर यो एक वर्षमा सरकारले १०० मा १० अंकभन्दा बढी पाउने गरी काम गरेको छैन,' थापाले पर्वत पुगेर आइतबार भनेका छन्, 'प्रधानमन्त्रीले काम नै गर्न सक्नुभएन । उहाँको अवधि अब एक वर्षमात्रै छ । १० अंकबाट मेहनत नगरे अब अर्को वर्ष ८ अंकमा झर्छ।' आर्थिक मन्दीको प्रभाव कम गर्न सरकारले थुप्रै ठाउँमा खर्च कटौती गर्नुपर्ने हो । आर्थिक संकटका बीच आवश्यकबाहेक अन्य विदेश भ्रमण नगर्ने सरकारको घोषित नीति नै थियो । तर, व्यवहार उल्टो छ । शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा नागरिकले अनुभूति गर्नेगरी सरकारले भरोसा दिलाउन सकेको छैन। यस्तो बेला सरकारसँग खर्च कटौती गर्ने ठाउँ थुप्रै हुन्छन्, तर आवश्यकभन्दा बढी विदेश भ्रमणमा प्रधानमन्त्रीदेखि सरकारका मन्त्रीहरूले राज्यको खर्च बढाएका छन्। छिमेकी र मित्रराष्ट्रसँग कूटनीतिक सन्तुलन राख्न पनि केही भ्रमण आवश्यक हुन्छन्। तर, प्रभाव र पहुँच देखाउन पनि जम्बो टोली लिएर विदेश जाने क्रमलाई प्रधानमन्त्री र मन्त्रीले समेत रोक्न सकेनन् । कार्यसम्पादनमा निरन्तर प्रश्न उठेपछि गत साउनमा मन्त्रीको मासिक रिपोर्टकार्ड बनाउने भन्दै प्रचण्डले मन्त्रीहरूलाई हस्ताक्षर गराएरै सम्झौता पनि गरे। मन्त्रीले गरेका कामको आधारमा कार्यसम्पादन मूल्यांकन गर्ने प्रयासलाई निकै प्राथमिकतासाथ सार्वजनिक पनि गरियो। तर, मन्त्रीको रिपोर्टकार्डमा को अब्बल ठहरियो, को कमजोर रह्यो भन्ने विषय बाहिर ल्याइएको छैन। प्रधानमन्त्रीले मन्त्रीको कार्यसम्पादनको आधारमा जिम्मेवारीको निरन्तरता, पुरस्कार वा कारबाही के हुने भनेर टुंगो लाग्ने पनि बताएका थिए। सरकारमा रहेका गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुराकी खर्च खारेज, नक्कली भुटानी शरणार्थी प्रकरणमा छानबिनमा सरकारलाई नतिजा दिलाउने काम गरे । तर, अन्य मन्त्रीको कार्यसम्पादन औसत पनि नभएको भन्दै कांग्रेस र माओवादीभित्रै पटक-पटक प्रश्न उठेको छ।

**कांग्रेस पनि रमिते**

गत वर्षको चुनाव कांग्रेस र माओवादी मिलेर लडेका थिए। तर, आफूलाई प्रधानमन्त्री बनाउन शेरबहादुर देउवा तयार नभएपछि प्रचण्ड एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपासहितका दलको समर्थनमा प्रधानमन्त्री बने। यो गठबन्धन एक महिना पनि टिकेन । कांग्रेसले पहिलोपटक नै विश्वासको मत दिएर माओवादीलाई आफ्नोतिर तान्यो। राष्ट्रपति कांग्रेसले लिनेगरी सहमति गरेपछि पुरानो गठबन्धन भत्कियो। फेरि कांग्रेस, माओवादी, जसपा, नेकपा एस, लोसपा, जनमत र नागरिक उन्मुक्तिसहितका दल मिलेर नयाँ गठबन्धन बन्न पुग्यो। यो गठबन्धन बन्दा प्रधानमन्त्री प्रचण्डले २ वर्ष, बीचमा माधव नेपाल एक वर्ष र अन्तिममा कांग्रेस सभापति शेरबहादुर देउवा एक वर्ष प्रधानमन्त्री बन्ने समझदारी बन्यो। राजनीतिक विश्लेषक प्रा कृष्ण पोखरेल सुशासनका पक्षमा सरकार प्रतिबद्ध भएको भाष्य निर्माण गर्न खोजे पनि सत्ता टिकाउने प्रधानमन्त्रीको कसरत र दबाबमा राखिरहने कांग्रेसको रणनीतिका कारण सरकारले एक वर्षमा अपेक्षित काम गर्न नसकेको बताउँछन्। प्रधानमन्त्री स्वयंले सरकारको काम गराइमा सन्तुष्टि नदेखाएको उनले बताए। सरकारले शुरूबाटै मिटर ब्याजपीडितको विषय, भुटानी शरणार्थी प्रकरण, ललितानिवासको जग्गाजस्ता भ्रष्टाचारविरुद्ध सक्रियता देखाउँदा हामी सुशासनप्रति प्रतिबद्ध छौं भन्ने भाष्य निर्माण गरेकै थियो,' पोखरेल भन्छन्, 'तर सुनकाण्डमा माअरुोवादीका नेता मुछिए, यसले आन्तरिक दबाब बढ्यो। यसलाई आधार बनाएर कांग्रेसले गृहमन्त्री नै फेर्नेसम्मको दबाब बढायो। यसमा लागेका प्रहरीकै सरुवा गरियो। यसैको दबाबस्वरूप कांग्रेसका नेतालाई तारेखमा छुटाएर मुद्दालाई कमजोर बनाउन दबाब दिएपछि सरकारले चाहेर पनि काम गर्न सकेको देखिएन ।' ३२ सीटको नेता प्रधानमन्त्री भएपछि गठबन्धनमा अलिकति यताउति भयो कि तनाव झेलिहाल्नुपर्ने दबाब देखिएको पनि उनी बताउँछन् ।'३२ सीटले सरकारको नेतृत्व गर्दा सत्रयात्री दल कांग्रेस झण्डै ९० सीट हाराहारीको छ । यसैले सन्तुलन नमिल्दा सरकार नै तलमाथि हुने अवस्था आयो। सरकारले गम्भीरतापूर्वक काम गर्न खोज्दा अरूको स्वार्थमा कहाँ चोट पुग्छ भन्ने कोणबाट दबाब खेप्यो,' पोखरेल भन्छन्, 'योजनाबद्ध ढंगले सरकार गिरे गिर्छ, म यसरी अगाडि बढ्छु भन्ने रोडम्याप बनाएर अघि बढ्नुपर्नेमा प्रधानमन्त्री डराएको देखिन्छ। साभार : लोकान्तर





## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





जलेश्वर नगरपालिकाको कार्यालय,महोत्तरी

## अपाङ्गताको आधारमा भेदभाव नगरौं

अपाङ्गताको आधारमा कसैलाई पनि
- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं ।
- अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं।
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday